# रत्ननगर नगरपालिका

## स्थानीय राजपत्र

**खण्ड १ संख्या ५ मिति २०७५ बैशाख १६ गते**

# भाग २

## रत्ननगर नगरपालिका

### <u>जग्गा विकास कार्यविधि २०७४</u>

**<u>१) पृष्ठभूमि</u>**

रत्ननगर नगरपालिका, चितवन नेपालको पूर्व पश्चिम राजमार्गको केन्द्र भागमा पर्दछ । यो समुन्द्र सतहबाट १८१ मी. देखि २१४ मी. उचाईमा रहेको छ र यसको अक्षांश २७ डिग्री ३२ मिनेट ५५ सेकेण्डदेखि २७ डिग्री ४० मिनेट ५२ सेकेण्ड रहेको र ८४ डिग्री २८ मिनेट ४ सेकेण्डदेखि ८४ डिग्री ३३ मिनेट ५० सेकेण्डसम्म देशान्तरमा रहेको छ । यसको क्षेत्रफल ६८.६० कि.मी. रहेको छ र यसलाई १६ वटा वडामा विभाजन गरिएको छ । जनगणना २०६८ को प्रतिवेदन अनुसार यस न.पा.को जनसंख्या ६९.८५१ रहेको छ । देशको केन्द्र भागमा रहनु, पूर्वाधार विकास आवश्यक मात्रामा विकास हुनु, समथर जमिन तथा खेतीयोग्य भूमि, प्रसस्त प्राकृतिक स्रोत र पर्यटकीय क्षेत्र रहेकाले यस न.पा.मा जनसंख्या चाप अधिक रहेको छ । यिनै र यस्तै कारणले यस न.पा.मा बसाइसराई भै आउने चाप समेत रहेकोले जग्गाको खण्डीकरण तथा जग्गा विकास गर्ने क्रम तीव्र हुँदै गएको छ ।